# अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन कसरी गर्ने

तपाईँ हामीले जानेर वा नजानेर अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मानमा ठेस पुग्नेगरी विभिन्न गलत शब्दले सम्बोधन गरिरहेका हुन सक्छौँ । सही शब्दहरू यसप्रकार छन्:

| **सम्बोधन गर्ने शब्द** | **कृयात्मक सीमितताहरू** (Functional Limitations) | **अमर्यादित शब्द** |
|---|---|---|
| दृष्टिविहिन | चस्मा प्रयोग गर्दा पनि वस्तुको रंग, रूप, आकार, आकृति वा प्रकार छुट्याउन नसक्ने । दुवै आँखाले पुरै देख्न नसक्ने । हिँडडुल गर्न मानव पथप्रदर्शक वा सेतो छडीको प्रयोग गर्ने । | अन्धो |
| न्यून दृष्टि युक्त व्यक्ति | चस्मा प्रयोग गरेर वा नगरे पनि नजिकबाट ठूलो वस्तुको आकार र रंग छुट्याउन सक्ने, सानो वस्तु देख्न वा साना अक्षरहरू पढ्न अवरोध हुने । ठूला वस्तु वा अक्षर आँखाको नजिक लगेर पढ्न सक्ने, सेतो छडी नलिइकन पनि सामान्य हिँडडुल गर्न सक्ने, २० फीटभन्दा कमको दूरीबाट हातको औँला छुट्याउन सक्ने । | कानो |
| शारीरिक अपाङ्गता भएका व्यक्ति | हात, खुट्टा, ढाड, हाड, जोर्नी, मांसपेशी, नसा, लगायत अन्य अङ्ग वा प्रणालीहरूमा आंशिक वा पूर्ण रूपमा क्षति पुगी अङ्गहरू चलाउन, हिँडडुल गर्ने, हात खुट्टा चलाउन समस्या वा कठिनाइ हुने । उमेर पुगिसकेको तर ४ फिट भन्दा सानो (होचा पुड्का) व्यक्ति । | लुलो, कुँजो, खोरन्डो, बामपुड्के, डुडो, लङ्गडो, बाउन्नबीर, खुँडे |
| बहिरा | पुरै सुन्न र बोल्न नसक्ने, आवाज केही मात्रामा आउने भए पनि त्यो अस्पष्ट र नबुझिने हुने, बोल्न सक्ने तर सुन्न चाहिँ पुरै नसक्ने, श्रवण यन्त्र लाएर पनि सुन्न नसक्ने, सञ्चारको लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने । | बहिरो, वक्क लाटो |
| सुस्त-श्रवण | कान कम सुन्ने वा नजिकबाट आएको ठूलो आवाज सुन्न सक्ने, स्पष्ट बोल्न सक्ने तर सानो वा सामान्य स्वरमा बोलेको सुन्न नसक्ने, श्रवण यन्त्र लगाएर सुन्न सक्ने व्यक्ति । | लाटो, हकला |

| | | |
|---|---|---|
| स्वर-बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्ति | सुन्न सक्ने तर स्वर र बोलीमा मात्र समस्या भएको, बोल्न वा शब्द उच्चारण गर्नमा कठिनाइ हुने वा अक्षर वा शब्द दोहोर्याएर वा भकभकाएर बोल्ने, ओठ वा तालु फाटेर बोल्न अवरोध हुने, विभिन्न कारणले कृतिम स्वर यन्त्र प्रयोग गर्नु पर्ने । | |
| बौद्धिक अपाङ्गता भएका व्यक्ति | उमेर अनुसार सिक्नु पर्ने कुराहरू सिक्न वा गर्नु पर्ने कृयाकलापहरु गर्न नसक्ने, उमेर बढ्दै गए पनि व्यवहार सानै बच्चाको जस्तो रहने, सिक्न सके पनि सिकाइमा ढिलाइ हुने र एउटा निश्चित समय पछि सिकाइ अघि बढ्न नसक्ने व्यक्ति । | लठेब्रो, गोज्याङ्ग्रो, सुस्तमनस्थिति |
| अटिजम | सामान्य सञ्चारमा कठिनाइ हुने, सामाजिक व्यवहार गर्न कठिनाइ हुने, एउटै कृयाकलाप दोहोर्याइरहने, दृश्य र तस्वीरहरूको माध्यमबाट सिक्न सक्ने वा सञ्चार गर्ने, एक्लै वस्न मनपराउने | |
| मनो-सामाजिक अपाङ्गता भएका व्यक्ति | विभिन्न कारणले मानसिक अवस्थामा विचलन आई दैनिक जीवनका कृयाकलापहरु र जीवनका विभिन्न पक्षहरूमा सहभागी हुन अवरोधहरूको सामना गर्नु पर्ने । | पागल, बौलाहा |
| श्रवण-दृष्टिबीहिन | आँखा नदेख्ने, बोल्न नसक्ने र कान सुन्न समेत नसक्ने व्यक्ति । | अन्धो-लाटो |
| हेमोफेलिया | अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति । | |
| अपाङ्गता भएका व्यक्ति | माथि उल्लेख गरिएका व्यक्तिहरूलाई समग्रमा सम्बोधन गर्दा प्रयोग हुने शब्द (साझा शब्द) | असामान्य, अस्वस्थ, अपाङ्ग |
| अपाङ्गता नभएका व्यक्ति | माथि उल्लेख गरिएका विविध प्रकृतिका अपाङ्गताको अवस्थामा नरहेका व्यक्तिलाई सम्बोधन गर्न प्रयोग गरिने शब्द | सामान्य, स्वस्थ |

श्रोत: राष्ट्रिय अपाङ्ग महासङ्घ (https://www.nfdn.org.np/ne/advocacy-documents/addressing-persons-with-disabilities/)